आज मिति २०८३ साल असार ३ गते बिहान ३:०० बजे यस रास्कोट नगरपालिकाका **नगर प्रमुख श्री धर्मराज शाही** ज्यूको अध्यक्षतामा तथा तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिकाको ६१ औं बैठक बसि देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**तपशिलः**

| पद | नाम थर | हस्ताक्षर |
|---|---|---|
| नगर प्रमुख | श्री धर्मराज शाही | |
| नगर उप प्रमुख | श्री मनिराज बराल | |
| वडा अध्यक्ष | श्री उदयराम आचार्य | |
| वडा अध्यक्ष | श्री धुर्वराज सिम्खडा | |
| वडा अध्यक्ष | श्री राजेन्द्रनाथ योगी | |
| वडा अध्यक्ष | श्री दिनेश संज्याल | |
| वडा अध्यक्ष | श्री मन तिरुवा | |
| वडा अध्यक्ष | श्री कर्ण फर्साल | |
| वडा अध्यक्ष | श्री कपुर महतारा | |
| वडा अध्यक्ष | श्री धन बहादुर धामी | |
| कार्यवाहक वडा अध्यक्ष | श्री रत्ना देवी न्यौपाने | |
| कार्यपालिका सदस्य | श्री भैरे तिरुवा | |
| " | श्री दंगली सार्की | |
| " | श्री तारा वि क | |
| " | श्री भैपुरा बम शाही | |
| " | श्री उमा योगी | |
| " | श्री पुनम बम शाही | |
| " | श्री गोविन्द्रा सुनार | |
| सदस्य सचिव | महेश अधिकारी | |

प्रस्तावहरूः

१. भूमि प्रशासन सम्बन्धी सेवा विस्तार गर्ने सम्बन्धमा।

२. जिल्ला समन्वय समितिबाट प्राप्त आ.व २०८१/०८२ को अनुगमन प्रतिवेदन सम्बन्धमा।

३. आगामी आ.व. २०८२।०८३ को बजेट तथा कार्यक्रम तर्जुमा समबन्धमा।

४. रास्कोट नगर कार्यपालिका अन्तर्गत आधारभूत सरसफाई तथा स्वास्थ्य शाखाको कर्मचारी श्री कल्पना कुमारी संज्याल (प.हे.न) को अध्ययन विदा स्वीकृति सम्बन्धमा।

५. चालु आ.व. २०८१।०८२ का योजनाहरुको भुक्तानीका सम्बन्धमा ।

६. नगर स्तरीय अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा।

निर्णयहरू

**निर्णय नं.१** नेपाल सरकारबाट स्थानीय तहमा भूमि प्रशासनसम्बन्धी सेवा विस्तार गर्ने नीतिअनुरूप रास्कोट नगरपालिकाबाट समेत उक्त सेवा सञ्चालन गर्न आवश्यक रहेको ठहर गर्दै यस नगर कार्यपालिकाको मिति २०८२/०९/२४ गते बसेको बैठकको निर्णय नं. १५ बमोजिम रास्कोट नगरपालिकामा मालपोत कार्यालय तथा नापी कार्यालय स्थापना गरी भूमि प्रशासनसम्बन्धी सेवा सञ्चालनका लागि सम्बन्धित निकायसमक्ष आवश्यक, पहल गर्ने निर्णय भएको थियो। उक्त निर्णयको कार्यान्वयनका सन्दर्भमा यस नगर कार्यपालिकाको ६१ औं कार्यपालिका बैठकले रास्कोट नगरपालिकामा भूमि प्रशासनसम्बन्धी सेवा सञ्चालनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने, भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायत सम्बन्धित निकायसँग आवश्यक समन्वय, पत्राचार तथा सहजीकरण गर्ने, सेवा सञ्चालनका लागि आवश्यक प्रशासनिक, भौतिक तथा संस्थागत तयारी गर्ने तथा सो सम्बन्धी सम्पूर्ण आवश्यक कार्य सम्पन्न गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो।

**निर्णय नं. २** माथि छलफल गर्दा **कालीकोट जिल्ला समन्वय समितिबाट प्राप्त आ.व. २०८१/०८२** को अनुगमन प्रतिवेदन माथि छलफल गरियो। उक्त प्रतिवदेनले योजना कार्यान्वयनका सम्बन्ध दिएका सुझावहरु ग्रहण गरि कार्यान्यवन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** माथि छलफल गर्दा आगामी आ.व. २०८२।०८३ को बजेट तथा कार्यक्रम तर्जुमा गर्दा विभिन्न निकायबाट प्राप्त सुझाव र मार्ग दर्शनलाई आधार मानि बजेट निर्माण गरि सोही बमोजिम कार्यान्वयन गर्ने विषयगत शाखाहरुलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** यस रास्कोट नगरपालिका नगर कार्यपालिका अन्तर्गत आधारभूत सरसफाई तथा स्वास्थ्य शाखामा कार्यरत कर्मचारी श्री कल्पना कुमारी संज्याल (प.हे.न)लाई अध्ययन विदा स्वीकृतीका लागि कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ६९ को उपदफा (३) बमोजिम गठित यस रास्कोट नगरपालिकाको तालिम, अध्ययन, अध्ययन भ्रमण वा छात्रवृत्ति बाँडफाँट समितिले मिति २०८३/०२/२१ गतेको निर्णयानुसार निजलाई तलबी अध्ययन स्वीकृत गर्ने निर्णय गरियो।

**निर्णय नं. ५** माथी छलफल गर्दा चालु आ.व. २०८१।०८२ का योजनाहरुको भुक्तानीका सम्बन्धमा असार २५ गते सम्म गरिसक्न पर्ने त्यसका लागि स्थानीय सञ्चित कोषमा आउने अत्याधिक चापले भुक्तानी प्रक्रियामा आउने सक्ने कठिनाईलाई मध्यनजर गरि चालु आ.व.का उपभोक्ता समिति मार्फत सञ्चालन भएका योजनाहरु भुक्तानी प्रक्रिया असार १५ गते सम्म गरिसक्ने गरि व्यवस्था गर्न भौतिक पुर्वाधार शाखा र अन्य शाखाहरुलाई सोही निर्देशन गर्ने र अनुगमन कार्यलाई पनि तिव्र पार्न नगर स्तरीय अनुगमन समितिलाई निर्देशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** माथि छलफल गर्दा रास्कोट नगरपालिकाको नगर स्तरीय अनुगमन समितिको प्रतिवेदन माथि छलफल गरियो। उक्त प्रतिवेदनले हालसम्म योजनाको भौतिक प्रगति र वित्तिय प्रगति सन्तोषजनक रहेको साथै केहि योजनाहरू समयमै सकिएतापनि भुक्तानी ढिला भएकाले बित्तिय प्रगति अन्तिम चौमासिकमा बढि देखीएको निष्कर्ष निकालेको छ। उपभोक्ता समितिबाट सम्पन्न भएका योजनाहरूलाई समुदाय स्तरबाट दिगोपनको अनुभुति गराउने तथा यस प्रतिवेदनलाई आगामी नगरसभामा पेश गर्ने निर्णय गरियो।